दूषित पानीका कारण हुने रोगप्रति सजग रहौं
- फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जन्डिसजस्ता रोग लाग्न सक्छन् । त्यसैले,
- खोला, धारा वा मूलको पानी सीधैं नपिऔं,
- पानी उमालेर मात्र पिऔं,
- उमाल्न सम्भव नभएमा शुद्धीकरण गरेर मात्र पिऔं,
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक दैनिक
eprateekdaily.com

जनहितमा जारी सन्देश
वर्षात् कीरा–फटयाङ्ग्रा, साँप–बिच्छी सलबलाउने समय हो । बारी, खेत जाँदा, राति अँध्यारोमा हिंड्दा सतर्क बनौं । सतर्कताले धन जोगाउँछ, ज्यान बचाउँछ ।
वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ साउन ६ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 July 21 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ३१९

## बन्द बकैयाखोलाबाट नदीजन्य पदार्थको चोरी–तस्करी

प्रस, निजगढ, ४ साउन/
निजगढ नगरपालिका–४ कछडिया टोलस्थित बकैयाखोलामा दिनदहाडै टयाक्टरमा लोड गरी ढुङ्गा चोरी, तस्करी गर्ने क्रम अझै रोकिएको छैन ।

खोलामा ढुङ्गा चोर्न जाँदा टयाक्टरको अवैधरूपमा थुपारिन्छ ।

तस्करहरूले खोलाबाट चोरी गरी ल्याइएका पाँच सय टिपभन्दा बढी टयाक्टर खोलाबगर नजीकैको फूटबल रङ्गशाला र खोलाको किनारबीचको वन क्षेत्रको नदी उकास जमीनमा सङ्कलन बन्द गरेको खोलामा अटेर गरी जान्छन् । कसले के गर्ने ? के भन्ने ? बन्दको बेला खोलामा नजाऊभन्दा दुश्मनझैं ठान्छन् । त्यसैले स्थानीय कोही कसैले उनीहरूलाई केही भन्ने हिम्मत गर्दैनन्," एकजना स्थानीयले भने । "एकजना होइन, दुईजना राख्ने कार्यमा केही वर्ष कमी आए पनि दुई वर्षयतादेखि अवैधरूपमा खोलाबाट ढुङ्गा ल्याएर थुपार्ने, बिक्री गर्ने होडबाजी नै चलिरहेको छ ।



निजगढ नपा–४ कछडियाटोलस्थित बकैयाखोलाबाट चोरी गरी नजीकैको चउरमा थुपारिएका ढुङ्गा । तस्वीरः प्रतीक

धन्सार खोलाबाट अवैधरूपमा चोरी तस्करी गरी निजगढ नपा–१ सिंगौलस्थित ब्रह्मबाबा सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रमा थुपारिएको करीब १० लाख मूल्य बराबरको ढुङ्गालाई गत पुस १८ गते निजगढ सबडिभिजन वन कार्यालय, भमराले जफत गरेको वन अधिकृत रघुनाथ दासले बताए ।

वर्षायाममा बन्दको समयमा खोलामा टयाक्टर हुल्दै नदीजन्य पदार्थको दिनदहाडै चोरी तस्करी हुँदा पनि निजगढ नगरपालिका मौन छ । त्यसैगरी, इलाका प्रहरी कार्यालय निजगढ, सशस्त्र प्रहरी बल, नेपाल विपद् व्यवस्थापन सुरक्षा बेससमेत बेखबर बनेका छन् । अवैध कार्य भइरहँदा पनि मौन बसेका स्थानीय प्रहरी प्रशासनको संरक्षणमा सो कार्य भइरहेको आशङ्का स्थानीयहरूको छ । यता खोलामा आफूहरू पुग्दा टयाक्टरहरूलाई भगाउने गरेको सुरक्षाकर्मीको भनाइ छ । वर्षायाममा खोलामा भेलबाढीको आउने हुँदा बस्ती, खेतीयोग्य जमीन, वनजङ्गल क्षेत्रलगायत जनधनको क्षति पुर्‍याउन सक्ने अधिक सम्भावना हुन्छ । त्यसैले वर्षायामको असारदेखि भदौ महीनासम्म कोही कसैलाई नदी, खोलामा प्रवेश निषेध गर्दै खोलाबाट नदीजन्य पदार्थ उत्खनन, सङ्कलन, ओसारपोसारमा सरकारले रोक लाउँदै आएको छ ।

टेलर बाढीमा फसेको छ । प्रत्येक वर्ष असार, साउन, भदौ तीन महीना खोलामा पस्न, त्यहाँ रहेका कुनै पनि नदीजन्य पदार्थ वा बाढीले बगाइ ल्याएका वन पैदावर वा अन्य कुनै वस्तुहरू लिन जान वा सङ्कलन गर्न कानूनले वर्जित गरेको छ । तर खोलाबाट ढुङ्गा, ग्राभेल, बालुवा सङ्कलन गर्न बकैयाखोलामा टयाक्टरहरू निर्धक्क जान्छन् । बन्दको समयमा महँगो मूल्यमा ढुङ्गा, ग्राभेल, बालुवा बिक्री हुने भएकोले चोरी गरी सङ्कलन गरिएका ढुङ्गा, बालुवा, ग्राभेल अर्डर अनुसार घरदैलोमा ढुवानी हुन्छ भने अर्डर नहुँदा खोलाबगरभित्र वा खोला किनाराहरूमा गर्दै आएका छन् । त्यसैगरी, अवैधरूपमा खोलामा ल्याइएका दुई हजार टिपभन्दा बढी टयाक्टर ढुङ्गा भने पुरानो अवनिश क्रसर उद्योगनजीकैको चाइनिज क्याम्पको उत्तरतर्फ बकैयाखोलाको ड्याम किनाराबीचको जमीनमा सङ्कलन गरिएको छ भने त्यसभन्दा पश्चिम बकैयाखोलाबीचको नदी उकास क्षेत्रमा पनि लगभग तीन सय टिप टयाक्टरभन्दा बढी ढुङ्गा थुपारिएको छ ।

कछडियाटोलमा स्थानीयहरूले नै खोला बन्दको समयमा दिनदहाडै ढुङ्गा चोरी गर्दै थुपारेको स्थानीय स्रोतले बताएको हो । "वर्षायाममा सरकारले होइन, टोलका धेरैजसो टयाक्टर अहिले पनि खोलामा निर्धक्क लगिन्छ," उनले भने । त्यस टोलमा तीन सयवटाभन्दा बढी टयाक्टर रहेको अनुमान छ । यस अघिका जनप्रतिनिधिहरू तत्कालीन नगरप्रमुख सुरेशकुमार खनाल, उपप्रमुख लीलादेवी लामिछाने, प्रमुख प्रशासकीय अधिकृत सुमन कार्कीको पालामा सिंगौल, निजगढमा अवैधरूपमा ठूलो परिमाणमा थुपारिएका ढुङ्गा जफत गरिएको थियो । त्यस बेला जफत गरिएका ढुङ्गालाई निजगढ नपाले ठेक्कामार्फत राजस्व सङ्कलन गर्दा करीब ३९ लाख रुपैयाँ प्राप्त भएको थियो । त्यसपछि अवैधरूपमा ढुङ्गा

## सामान खरीद नै नगरेर ९३ लाखको भुक्तानी

प्रस, रौतहट, ५ साउन/
फतुवाविजयपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधान र लेखापाल उमेश यादवको मिलेमतोमा अनियमित भुक्तानी भएको छ ।

फतुवाविजयपुर नपाका प्रमुख प्रशासकीय अधिकृत प्रधान र लेखापाल


प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधान र लेखापाल उमेश यादव ।

यादवले नगरपालिकामा पछिल्लो समयमा व्यापक अनियमितता गर्दै आएका छन् । प्रमुख प्रशासकीय अधिकृत प्रधान र लेखापाल यादवले कामै नभएका विभिन्न योजना र शीर्षकमा रकम भुक्तानी गर्दै आएको आरोप छ ।

पालिकाको रकम हिनामिना गर्ने उद्देश्यले प्रशासकीय अधिकृत प्रधान र लेखापाल यादव दुवैजना कार्यालयमा नबस्ने र कार्यालयभन्दा बाहिर गोप्य ठाउँमा बसेर खरीद नै नभएका विभिन्न सामान खरीद भएको भनी फर्जी बिल भरपाईको आधारमा सप्लायर्स र ट्रेडर्सलाई रु ९३ लाखभन्दा बढी रकम भुक्तानी गरेको स्रोतले जनाएको छ ।

समग्र कन्स्ट्रक्शन एन्ड सप्लायर्सलाई असार ५ र ९ गते रु १८ लाख ९७ हजार २३३ भुक्तानी दिइएको छ । त्यस्तै, होटेल एन प्लाजालाई रु पाँच लाख ३६ हजार ६८३, श्री स्टेशनरी गौरलाई रु पाँच लाख ५१ हजार ७७, शङ्कर प्रेस गौरलाई रु नौ लाख ५० हजार ५५० भुक्तानी दिइएको छ ।

पालिकामा सामान खरीद नै नभएको अवस्थामा सामान खरीद भएको भनी नक्कली बिल भरपाईको आधारमा होटेल, सप्लायर्स र प्रेसलाई भुक्तानी गरिएको स्रोतको दाबी छ ।

पालिकाले भुक्तानी दिएका सामानहरूको खोजबीन गरिएको खण्डमा प्रमुख प्रशासकीय अधिकृत प्रधान र लेखापाल यादवको कर्तुत बाहिरिने स्रोतको दाबी छ । असारको २४ गतेसम्म भुक्तानी गरिसक्नुपर्ने र सोको विवरण कोलेनिकालाई उपलब्ध गराउनुपर्ने नियम रहेकोले असारको पहिलो सातादेखि नै दुवै अधिकृत कार्यालयमा बस्न छाडेर बाहिरै बसी चेक बनाएर भुक्तानी गर्दै आएका थिए । कमिशनको कुरा मिलेपछि भटाभट भुक्तानी हुने गरेको एकजनाले बताए । सम्पन्न नभएका कार्यको भुक्तानी गरिएको विषय अहिले पालिकामा चर्चित भएको छ । कमिशन कम दिएका र दिन नसकेका मानिसहरूको चेक नबनेपछि अनियमितताका कुरा बाहिर आएको हो ।

एकीकृत अखिल नेपाल शिक्षक सङ्गठन, रौतहटका अध्यक्ष एवं माध्यमिक विद्यालय शीतलपुरका प्रधानाध्यापक बुनिलालप्रसाद यादवले बिहीवार नगरपालिकाको कार्यालय विजयपुरमा पत्रकार सम्मेलन गर्दै प्रमुख प्रशासकीय अधिकृत प्रधान र लेखापाल यादवले शिक्षक र कर्मचारीहरूको तलबबापतको रकम भुक्तानी नगरेको भन्दै आक्रोश पोखेका थिए ।

फतुवाविजयपुर नगरभित्र सञ्चालित ३१ वटा सामुदायिक विद्यालयका २५० भन्दा बढी शिक्षक तथा कर्मचारीहरू असार मसान्तमा तलब पाउनबाट वञ्चित भएका छन् । प्रअ यादवले पालिकाले एक वर्षदेखि तलब भुक्तानी गर्न बाँकी राखेको बताए । उनले प्रशासकीय अधिकृत प्रधान र लेखापाल यादवले जानाजान तलब निकासा नगरेर शिक्षकहरूलाई दुःख दिएको आरोप लगाए । उनले शिक्षकहरूबाट कमिशन नपाउने हुँदा रकम निकासा नगरिएको आरोप लगाए । यो पालिकाको शैक्षिक अवस्था नाजुक छ । शिक्षा शाखामा एक महीनामा पाँचजना संयोजक परिवर्तन गरिएको छ । बालविकासमा २४ जनाको दरबन्दी रहेकामा ३९ जनालाई भर्ना गरिएको छ ।

## नेपाली नक्कली नोटसहित एकजना पक्राउ

प्रस, सिम्रौनगढ, ५ साउन/
नेपाली नक्कली नोटसहित इलाका



प्रहरी कार्यालय, सिम्रौनगढले एकजना नेपाली नागरिकलाई पक्राउ गरेको छ । सिम्रौनगढ नपा–२ महुवाही निवासी ३५ वर्षीय छठु गिरीलाई ८५ हजार नेपाली नक्कली रुपैयाँसहित पक्राउ गरेको जिप्रका, बाराका प्रवक्ता दधिराम न्यौपानेले बताए । नम्बर नराखिएको अनटेस्ट होन्डा साइन मोटरसाइकलमा सवार गिरीलाई रोकेर प्रहरीले चेकजाँच गर्दा एक हजारका ८५ थान नेपाली नक्कली रुपैयाँ बरामद भएको प्रवक्ता न्यौपानेले बताए । गिरीलाई जिल्ला अदालत बाराबाट आठ दिनको थुना आदेश लिएर थप अनुसन्धान भइरहेको प्रवक्ता न्यौपानेले जानकारी गराएका छन् ।

पछिल्लो समयमा सिम्रौनगढमा नक्कली नेपाली रुपैयाँ बरामद हुन थालेका छन् । सीमावर्ती भारतबाट कारोबारीहरूले नेपाली नक्कली रुपैयाँ नेपाल ल्याउने गरेका छन् । सीमावर्ती भारतबाट यसअघि सूर्य नेपालका उत्पादन सूर्या र शिखरको नक्कली उत्पादन गरेर सिम्रौनगढबाट विभिन्न स्थानमा पुर्‍याउने कार्य हुने गरेको थियो । अहिले चुरोटपछि नक्कली नेपाली रुपैयाँको कारोबार बढेको छ ।

## वीरगंजको मुहार फेरिएको छ तर सन्तुष्ट छुइनँ –नगरप्रमुख सिंह

प्रस, वीरगंज, ५ साउन/
वुमन क्रिएशनको आयोजनामा शनिवार वीरगंजमा महिलाहरूलाई




व्यापार तथा उद्यम क्षेत्रमा लाग्न प्रेरित गर्ने उद्देश्यले व्यापार प्रदर्शनीको आयोजना गरिएको छ ।

प्रदर्शनीको उद्घाटन गर्दै वीरगंज महानगरका प्रमुख राजेशमान सिंहले वीरगंजको माटोको लागि केही गर्नु छ भने हामी सबै जुट्नुपर्ने बताए । उनले आफूसमेत वीरगंजवासीको प्रयासमा हिजोको वीरगंजको मुहारमा केही परिवर्तन भएपनि त्यसबाट आफू सन्तुष्ट नभएको र अझ बढी परिवर्तनका लागि सबैको साथ सहयोग आवश्यक हुने बताए । उनले चुनावको बेला मात्र राजनीति हुनुपर्ने र त्यसपछिको समयमा विकास गर्नुपर्ने बताए । उनले आफू राजनीतिबाट टाढा रहेर वीरगंजको समृद्धिको पक्षमा काम गरिरहेको दाबी गर्दै आफ्नो यो अभियानमा सबैको साथ र सहयोग आवश्यक भएको बताए । उनले वीरगंजमा व्यापारका साथै समाजसेवाको क्षेत्रमा पनि मारवाडी समुदायका महिलाहरू खुलेर अगाडि आएकामा प्रशंसा गरे । उनले सही र गलत छुट्याएर वीरगंजको विकासमा लागि पर्न आग्रह गरे । उनले नराम्रो कामको आलोचना सहन आफू तयार रहेको बताए । नगरप्रमुख सिंहले डेढ खर्बभन्दा बढी राजस्व सङ्कलन गर्ने वीरगंजलाई सरकारले सदैव उपेक्षा गर्दै आएकोमा दुःखेसो पोखे ।

वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासका वाणिज्यदूत सञ्जय कुमारले वीरगंजमा करीब दुई हजार मारवाडी परिवार रहेका र उनीहरू उद्योग, व्यापार र समाजसेवामा सक्रिय रहेकामा सराहना गरे ।

वुमन क्रिएशन वीरगंजकी अध्यक्ष अञ्जु रुँगटाको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल उद्योग वाणिज्य सङ्घ मधेस प्रदेशका अध्यक्ष अशोक टेमानी, वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिल अग्रवाल, उपाध्यक्ष माधव राजपाल, पूर्वअध्यक्ष अशोक बैदलगायतका उद्योगी–व्यवसायीहरूको सहभागिता थियो ।

प्रदर्शनीमा महिलाद्वारा उत्पादित घरेलु हस्तकला, खाद्य, शृङ्गार, तयारी कपडा, इलेक्ट्रोनिक र फास्टफूडका परिकारसहितका करीब ७० वटा स्टल राखिएका थिए ।

## छजना महिलासहित ६६ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ५ साउन/
वीरगंज महानगर–६ राणीसती अतिथि सदनमा शनिवार आयोजित




रक्तदान कार्यक्रममा छजना महिलासहित ६६ जनाले रक्तदान गरेका छन् ।

उपकार सेवा, राउन्ड टेबल नेपाल र बलिरामपुर युवा क्लबको संयुक्त आयोजनामा भएको रक्तदान कार्यक्रममा पूनम सरावगी, वीरेन्द्र कुर्मी, प्रदीप गुप्ता, विनायक राम, विकास पटेल, नन्दकिशोर कलवार, निर्भय महतो, विनय यादव, विनोद चौधरी, नवीन गुप्ता, नन्दन सरकारलगायतले रक्तदान गरेका रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेयले बताए ।

## गाँजासहित चारजना पक्राउ

प्रस, सिम्रौनगढ, ५ साउन/
सीमावर्ती भारतीय सुरक्षाकर्मीले ७८ किलो गाँजासहित दुईजनालाई पक्राउ गरेको छ ।

नेपालको आमवा कोरैया गाउँबाट भारत प्रवेश गरेका दुईजनालाई

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

**हामी आफ्ना सहकर्मीहरू एक हुन र मानव जातिका साथ सामूहिकरूपमा जोडिनका लागि जन्मेका हौं ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमुर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७१, फोन नं. ०५१-५२५९१२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# चिनीमा निरन्तर चलखेल

नेपालका करीब एक दर्जन उद्योगले चिनी आयातको अनुमति पाएको समाचार बितेको साता समाचारमा आयो । ती उद्योगले कच्चा पदार्थको रूपमा चिनी भित्र्याउने समाचारमा उल्लेख छ। यो सामान्य समाचारभित्र चिनीमा भइरहेको निरन्तर चलखेलको गुह्य लुकेको छ। स्वदेशमा उद्योगले आवश्यकताको आधा परिमाण पनि उत्पादन गर्दैनन्। आज चिनीमा ३० प्रतिशतको उच्च दरको भन्सार महसुल तोकिएको छ। एक समय त यो ४० प्रतिशत पुऱ्याइएको थियो। उद्योगले स्वदेशमै किन चिनी पाएनन् ? किन कच्चा पदार्थ भन्दै भारतबाट ल्याउनुपऱ्यो ? यो स्वाभाविक प्रश्नपछाडि अस्वाभाविक बेथिति लुकेको छ ।

नेपालको सीमावर्ती बजार र आसपासका क्षेत्रको आपूर्ति तस्करीको चिनीको भरमा चलेको छ भने तस्करीकै भए पनि काठमाडौंलगायत बजारमा महँगो मूल्यमा बिक्री भइरहेको छ। यो धन्धामा माफिया र कारोबारीमात्रै मालमाल भएका छैनन्, सिमानामा खट्ने प्रहरी, प्रशासनदेखि सरोकारवाला मन्त्रालयसम्मलाई प्रभावमा नपारी यत्रो धन्धा चल्न सक्दैन । प्रत्येक वर्ष मुख्य चाडपर्वका बेला चिनीको चिन्ता शुरू हुन्छ । भारतीय बजारमा ६५/७० रुपियाँमा पाइने चिनी काठमाडौंमा १५० तिर्दा पनि नभेटिएको समाचार पनि पढिएकै हो ।

उच्च दरको भन्सारका कारण अवैध आयात मौलाएको छ भने उपभोक्ता ठगिएका छन् । राज्यको राजस्व पनि गुमेको छ। उच्च दरको राजस्व त्यस्ता वस्तुमा लगाउने हो, जुन स्वदेशमा पर्याप्त उत्पादन भइराखेको छ। अहिले सिमेन्ट र फलाम उद्योगबीच तीव्र प्रतिस्पर्धा छ। यस्तो भन्सार महसूल केही उच्च राख्दा पनि प्रतिस्पर्धाका कारण उपभोक्ताले सस्तो दरमा पाउने सम्भावना रहन्छ। चिनीमा त खपतको आधा परिमाण पनि उत्पादन नभएको अवस्थामा उच्च महसूल राख्दा यसले उद्योगीलाई मूल्यमा मनपरी मच्चाउने मौका दिएको छ । यो उपभोक्तामाथि शोषणको उपक्रम बनेको छ । यसमा उद्योगी र सरकारको मिलेमतोको आशङ्का अन्यथा हुँदैन ।

एक समय अहिलेका प्रधानमन्त्री केपी ओलीले चिनीको राजस्व बढाउँदा उद्योगीले झुक्याएको बताएका थिए । तिनै ओली लामो समय सत्तामा रहँदा यसमा पुनर्विचार गरेनन्। अहिले सत्तामा पुनर्आगमन गरेका ओलीको आगामी कदम के हुन्छ, त्यो हेर्न बाँकी छ। नेपालमा चिनीलाई लिएर अतिराजनीतीकरण गरिएको छ। यो उद्योग र उखुखेतीको ओरालो यात्रा किन भयो ? यो मिहीन विश्लेषण जरूरी छ।

स्वदेशी चिनी बिक्री भएन भनेर चिनी आयात रोकिएको पनि हो । उद्योगीले चिनीको हाहाकार भएपछि मूल्य बढाएर बिक्री गर्ने काम पनि गरेकै हुन्। सरकारको भूमिका चिनीको कोटा बाँड्नेमा मात्रै सीमित भएको छ। चिनीको उत्पादन र बजारलाई कसरी प्रतिस्पर्धी बनाउने भन्नेमा सरकारी सरोकार देखिएको छैन । स्वदेशी बजारमा कुल माग ३ लाख टन छ । बितेका २ वर्ष सरकारले चिनी आयातको अनुमति नै दिएन । चाडबाडको समयमा राजस्व सहुलियतको चिनी ल्याएर केही राहत दिने काम गरेकोमा यो काम नहुँदा बितेको वर्ष चिनीको अभाव चर्कियो । यो वर्ष भारतले चिनी निकासीमा रोक लगाएर २५ हजार टन कोटा दियो। त्यो कोटामध्ये १९ हजार टन उद्योगलाई दिइएको छ। चिनी उद्योगीले उत्पादन घटेको बताएका छन्। आउँदो चाडपर्वमा चिनीको मूल्य आकाशिनेमा आशङ्का अनावश्यक होइन। तस्करीबाट भित्रिएको चिनी पनि यहाँका व्यापारीले स्वदेशी उद्योगको मूल्यको हाराहारीमा बेचिराखेका छन् । कति उद्योगीले त भारतबाट चिनी मगाएर आफ्नो बोरामा भरिरहेका छन्। उखु खरीदको फर्जी कागज बनाएर उत्पादन देखाउने गरिएको छ। पछिल्ला वर्षहरूमा उखु खेतीको क्षेत्रफल र उत्पादन दुवै घटेको तथ्याङ्कले देखाउँछ। पछिल्लो ३ वर्षमा नेपालमा उखु उत्पादन हुने क्षेत्रफल १,५२१ हेक्टरले घटेको देखिएको छ । उत्पादन पनि ५३ हजार ८३४ मेट्रिक टनले घटेको छ ।

चिनीको बजारमा देखिएको बेथिति हेर्दा सरकारी निकायका अधिकारीहरू पनि यो बेथितिमा मिलेको आभास हुनु अस्वभाविक होइन । बजारमा उपभोग्य वस्तुको आपूर्ति र अनुगमनको जिम्मेवारी लिएर बसेको उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र यस मातहतका निकाय यो बेथितिप्रति कानमा तेल हालेर बसेको भान हुन्छ । चाडपर्वको मुखमा अनुगमनको कर्मकाण्ड रचिन्छ। मूल्यमा मनपरी उद्योगको गोदामबाट शुरू भएको हुन्छ, सरकारी संयन्त्र भने खुद्रा पसलमा छापा मारेर प्रचारबाजीमा उत्रिन्छ । यसले पनि ठूला उद्योगीसँग मिल्ने, तर सानालाई पेलेर काम देखाउने सरकारी निकायको नियतमा आशङ्का हुनु पनि अस्वाभाविक होइन। यसले सरोकारका मन्त्रालय र त्यसका जिम्मेवार पदाधिकारीहरू कालोबजारीसँग घाँटी जोडेर बसेको आरोप अस्वीकार गर्नुपर्ने कारण पनि छैन ।

हाम्रा चिनी उत्पादकहरू कारखाना मूल्य नै ८० रुपियाँ हाराहारी पर्ने बताउँछन्। यसमा तहगत नाफा र कर जोड्दा कम्तीमा ११० रुपियाँ पर्न जाने देखिन्छ। भारतीय उपभोक्ताले तिरेको मूल्य हेर्दा खुद्रामा यो ६५ रुपियाँभन्दा बढी हुँदैन । उखुको मूल्य बढी परेकोले लागत बढी परेको उद्योगीको दावी छ। भारतले उद्योगीदेखि किसानलाई अनेक प्रकारका अनुदान दिएको छ । भारतले आफ्ना किसानलाई सिंचाइ, मलखाद, उपकरण, रोगको उपचारलगायतमा ७० प्रतिशतसम्म सहुलियत दिएको छ । हामीकहाँ भने भ्याट फिर्ताको रकमसमेत समयमा पाइँदैन । उखुको रकम पाउन आन्दोलन नै गर्नुपर्दछ। हामीकहाँ सरकार यो झन्झट बेसाउन चाहन्न । हामीकहाँ उत्पादन लागत कसरी घटाउने ? बढी लागतको कारण उखुको मोलमात्र हो कि कमसल प्रविधि पनि हो ? दक्षता बढाएर लागत घटाउनेमा उद्योगी पनि उदासीन छन्। भन्सारमा महसूलको छेको हालेर मूल्यमा मनपरी चलाउन पाएसम्म दक्षता बढाउने झन्झट किन मोल्ने ? उद्योगीको यो मनोवृत्तिले चिनी उत्पादनका उपक्रम धराशायी हुँदैछन् भने उपभोक्तामाथि चरम शोषण भइराखेको छ । स्वदेशी उद्योगको लागत कसरी घटाउने, बजारलाई कसरी पारदर्शी र उपभोक्तामैत्री बनाउने भन्नेमा सरकारको चासो छैन । सरकारी अधिकारीहरू त भारतले कोटामा दिएको चिनी बाँड्दा कताबाट कति कमिशन आउँछ भनेर ऱ्याल चुहाएर बस्छन्। तस्करीको चिनी बजारमा महँगो मोलमा बिक्दा राजस्वका निकाय, कर्मचारी, सत्ता सञ्चालक, राजनीतिकर्मी, प्रहरी प्रशासन सबै मालामाल भएकै छन्, बेहाल हुने त निरीह उपभोक्ता न हो ! कमिशनको जालो शासकीय निकायको सर्वोच्च तहसम्म यसरी फैलिएको छ कि कतिपय वस्तुको कोटा कुन व्यापारीले पायो भन्नेमा विभागीय मन्त्रीले पनि पत्तो पाउँदैन ।

अन्तर्राष्ट्रिय बजारमा चिनीमा प्रविधिले ठूलो फड्को मारिसकेको छ। ब्राजील, पाकिस्तान, भारतजस्ता चिनीका ठूला उत्पादकले उखु र चिनीको उत्पादन लागत घटाउन प्रविधिलाई अभियानकै रूपमा अँगालेका छन् । हामीकहाँ संरक्षणको आवरणमा मिलेमतो, सिन्डिकेट र उपभोक्तामाथिको चरम शोषणलाई मात्र ध्येयमा राखिएको छ । यथार्थप्रति आँखा चिम्लिइएको छ। एक दर्जन चिनी उद्योग र त्यसको आवरणमा स्वार्थ समूहलाई पोस्न उपभोक्तामाथि शोषणको सिलसिला कहिलेसम्म ?

**समयान्तर**



ओमप्रकाश खनाल
omkhanal@gmail.com

**हामीकहाँ संरक्षणको आवरणमा मिलेमतो, सिन्डिकेट र उपभोक्तामाथिको चरम शोषणलाई मात्र ध्येयमा राखिएको छ। यथार्थप्रति आँखा चिम्लिइएको छ। एक दर्जन चिनी उद्योग र त्यसको आवरणमा स्वार्थ समूहलाई पोस्न उपभोक्तामाथि शोषणको सिलसिला कहिलेसम्म ?**

# अज्ञानबाट मुक्ति नै मोक्ष हो-२

अब प्रश्न यो उठ्छ कि बन्धनग्रस्त जीवात्मा बन्धनमुक्त हुन्छ कसरी ? के हो बन्धनबाट मुक्तिको मार्ग ? के हो मोक्षप्राप्तिको मार्ग ? अद्वैत वेदान्तका प्रवर्त्तक आचार्य शङ्करका अनुसार आत्मा आफ्नो वास्तविक स्वरूपमा अवस्थित हुनु नै मोक्ष हो । आत्माको वास्तविक स्वरूप ब्रह्मभाव हो, तर अज्ञान (अविद्या) का कारण जीवात्मा आफ्नो ब्रह्मभाव, आफ्नो ब्रह्मस्वरूपलाई बिर्सेर दुःख भोग्दछ । त्यसैले अज्ञानबाट मुक्ति नै मोक्ष हो। आफ्नो ब्रह्मस्वरूपमा आत्मा सबै प्रकारका दुःख र बन्धनहरूबाट मुक्त रहन्छ ।

आचार्य शङ्करको मत छ कि जबसम्म जीवात्मामा विद्या (ज्ञान)को उदय हुँदैन, तबसम्म उसले संसारमा दुःखको सामना गरिरहन्छ। जन्म-मरणको चक्रमा परेर दुःख भोगिरहन्छ। अस्तु विनाज्ञान मुक्ति सम्भव छैन, मोक्ष सम्भव छैन। आत्मज्ञान (ब्रह्मज्ञान) नै हो, अज्ञानरूपी (अविद्या) बन्धनबाट मुक्तिको मार्ग । अविद्याको अन्त विद्याबाट नै सम्भव छ । अज्ञानको अन्त ज्ञानबाट नै सम्भव छ । अविद्या विद्याबाट मात्र हट्न सक्छ। अज्ञान मात्र ज्ञानले मेटिन सक्छ। आत्माको वास्तविक स्वरूप (ब्रह्मस्वरूप) को ज्ञान नै मोक्ष हो। आत्मा र ब्रह्मको अभिन्नताको बोध नै मोक्ष हो ।

मोक्ष प्राप्तिले संसारमा कुनै परिवर्तन हुँदैन, तर जीवात्माको जगत्प्रति, संसारप्रति जुन दृष्टिकोण छ त्यो परिवर्तित हुन्छ। ब्रह्मभाव, ब्रह्मस्वरूपमा अवस्थित भइसकेपछि जीवात्माको जगत्प्रति दृष्टिकोण बदलिन्छ। जगत्लाई हेर्ने उसको दृष्टिकोणमा बदलाव आउँछ; किनकि अब ऊ जगत्लाई आत्मदृष्टिले हेर्न थाल्छ, ब्रह्मदृष्टिले हेर्न थाल्छ ।

ऊ जगत्को प्रपञ्चबाट टाढा भएर, अप्रभावित भएर जगत्लाई द्रष्टाभावले हेर्न थाल्छ, ब्रह्मभावले हेर्न थाल्छ र तदनुरूप लोकव्यवहार गर्न थाल्छ। प्रत्येक स्थिति, परिस्थितिमा समभाव, समत्वको स्थितिमा रहेर सुख र दुःखभन्दा टाढा सदा आनन्दमा रहन थाल्छ ।

मोक्षको अवस्थामा जीवात्मालाई आफ्नो वास्तविक स्वरूपको ज्ञान हुन्छ। अस्तु मोक्ष कुनै नयाँ वस्तुको प्राप्ति होइन, अपितु जुन पहिलेदेखि नै छ, त्यसैको पुनर्प्राप्ति हो । त्यसैले आचार्य शङ्करले मोक्षलाई 'प्राप्तस्व प्राप्ति' भनेका छन्। मोक्षप्राप्तिको अर्थ कुनै नयाँ वस्तुको प्राप्ति होइन, अपितु जुन वस्तु पहिलेदेखि नै छ र जसलाई अज्ञानका कारण जीवात्माले केही समयका लागि बिर्सेको छ, त्यसैलाई पुनः प्राप्त गर्नु हो ।

बृहदारण्यक उपनिषद्मा यस प्रसङ्गको व्याख्याका लागि एकजना राजकुमारको उदाहरण प्रस्तुत गरिएको छ, जसको संयोगवश लालन-पालन केटाकेटी अवस्थादेखि नै एकजना शिकारीको घरमा भएको हुन्छ, तर पछि उसलाई थाहा हुन्छ ऊ राजकुमार हो । त्यसै प्रकार यस प्रसङ्गको व्याख्या वेदान्त दर्शनमा एउटा उपमाद्वारा गरिन्छ कि जस प्रकार कुनै रमणी आफ्नो घाँटीमा झुन्डिएको हार यताउति खोजिन्छ, त्यसै प्रकार मुक्त आत्मा मोक्षका लागि प्रयत्नशील रहन्छ।

अतः मोक्ष कुनै नयाँ वस्तुको प्राप्ति होइन, अपितु आत्माकै, जुन निजस्वरूप हो र जसलाई आत्माले बिर्सेको छ, त्यसैलाई पुनः प्राप्त गर्नु हो। यसको अर्थ आत्माले आफ्नो वास्तविक स्वरूप चिन्नु हो, त्यसमा स्थित हुनु हो ।

आत्मालाई फेरि निजस्वरूप, वास्तविक स्वरूपको बोध होस् त कसरी ? यसका लागि आचार्य शङ्कर साधकहरूलाई 'साधन चतुष्टय' अँगाल्न सल्लाह दिन्छन्। उनको प्रसिद्ध ग्रन्थ विवेकचूडामणि (१८-३०) मा उनी भन्छन् मनस्वीहरूले चार साधन बताएका छन्, ती अँगाल्यो भने मात्र जीवात्माको आफ्नो वास्तविक स्वरूपमा स्थिति हुन सक्छ, त्यसबाहेक हुँदैन ।

'नित्यानित्य-वस्तु-विवेक' पहिलो साधन हो। ब्रह्म सत्य हो र जगत् मिथ्या हो, यस्तो जुन निश्चय छ यही 'नित्यानित्य-वस्तु-विवेक' भनिन्छ । साधकले नित्य र अनित्य वस्तुहरूमा भेद गर्ने विवेक हुनुपर्छ । दोस्रो साधन हो- लौकिक एवं पारलौकिक सुख-भोगप्रति वैराग्य हुनु। शरीरदेखि ब्रह्मलोकपर्यन्त सम्पूर्ण अनित्य भोग्य पदार्थहरूमा जुन घृणाबुद्धि छ, त्यही वैराग्य हो ।

तेस्रो साधन हो-शम, दम, उपरति, तितिक्षा, श्रद्धा, समाधान आदि छवटा सम्पत्ति। शमको अर्थ हा-मनको संयम। घरीघरी दोषदृष्टि गर्नाले विषय-समूहबाट विरक्त भएर चित्त आफ्नो लक्ष्यमा स्थित हुनु नै 'शम' हो। 'दम'को तात्पर्य हो- 'इन्द्रियहरूको नियन्त्रण' । कर्मेन्द्रिय, ज्ञानेन्द्रिय दुवैलाई उनका विषयहरूबाट तानेर आफ्नो गोलक (केन्द्र) मा स्थित गर्नु 'दम' हो । वृत्ति (चित्तवृत्ति) हरूले बाह्य विषयहरूको आश्रय नलिनु उत्तम 'उपरति' हो। चिन्ता र शोकबाट रहित भएर विनाकुनै प्रतिकार सबै प्रकारको कष्ट सहनु 'तितिक्षा' हो । शास्त्र र गुरुवाक्यमा निष्ठा हुनु नै 'श्रद्धा' हो ।

आफ्नो बुद्धिलाई सबै प्रकारले 'ब्रह्म' मा नै सदैव स्थिर राख्नु, समाधान हो। चित्तको इच्छापूर्तिको नाम कदापि 'समाधान' होइन । चित्तलाई ब्रह्ममा लगाइराख्नु, चित्तलाई ब्रह्ममा स्थिर राख्नु नै वास्तविक 'समाधान' हो। चौथो साधन हो-'मुमुक्षुता' ।

जब साधकले साधन-चतुष्टयको प्रक्रिया पूरा गर्छ अर्थात् जब ऊ यी चारै साधनबाट युक्त हुन्छ तब उसले कुनै यस्तो गुरुको शरणमा जानुपर्छ, जसलाई ब्रह्मज्ञानको अनुभूति तथा उपलब्धि भएको होस् र ती ब्रह्मज्ञानी गुरुको सहायताले साधकले श्रवण, मनन र निदिध्यासनको प्रक्रिया पूरा गर्नुपर्छ ।

गुरुको उपदेश सुन्नुलाई 'श्रवण' भनिन्छ। शास्त्रहरूमा वर्णित आत्मा विषयक उपदेशहरू सुन्नु र स्वाध्याय गर्नु नै श्रवण हो । गुरुका उपदेशहरूमाथि तार्किक दृष्टिले विचार गर्ने र त्यसलाई आफ्नो आचरणमा व्यवहृत गर्ने, जिउनेलाई नै 'मनन' भनिन्छ ।

साधकले शास्त्रहरूका आत्मा-विषयक ज्ञानमा विचार गर्नुपर्छ र त्यो विचारलाई सुदृढ बनाउनुपर्छ। यही मनन हो । श्रवण तथा मननपछि साधकले निदिध्यासन गर्नुपर्छ। गुरुप्रदत्त इष्टमन्त्रको जप र ध्यान नै निदिध्यासन हो। सत्यमा निरन्तर दृष्टि राख्नु नै निदिध्यासन हो। निदिध्यासन वास्तवमा ध्यान हो ।

दुःखको कारण र मोहरूप अनात्म-चिन्तनलाई छाडेर आनन्दस्वरूप आत्मा (ब्रह्म)को चिन्तन-ध्यान गर्नु नै निदिध्यासन हो । साधकहरूका लागि ध्यान -विधिमा प्रकाश पार्दै आचार्य शङ्कर विवेक चूडामणि (३७९)मा भन्दछन् कि 'चित्तलाई आफ्नो लक्ष्य, ब्रह्ममा दृढतापूर्वक स्थिर गरेर बाह्य इन्द्रियहरूलाई उनका विषयहरूबाट हटाएर आआफ्नो गोलकमा स्थिर पार, शरीरलाई निश्चल राख र त्यसको स्थितितिर ध्यान नदेऊ । चित्तलाई ब्रह्ममा स्थिर गरेर ब्रह्म र आत्माको एकता (अभिन्नता, अद्वैतता) गरेर तन्मय भावले अखण्ड वृत्तिले अहर्निश मनमनै आनन्दपूर्वक ब्रह्मानन्द रसको पान गर ।

त्यही श्वेताश्वतरोपनिषद्मा भनिएको छ कि ती एकै परब्रह्म, परमेश्वर समस्त प्राणीका हृदयरूपी गुफामा लुकेका छन् । ती सर्वव्यापी र समस्त प्राणका अन्तर्यामी परमात्मा हुन् । ती सर्वसाक्षी, सर्वज्ञ, परमचेतनस्वरूप, सर्वथा निर्लेप र प्रकृतिका गुणहरूभन्दा अतीत छन् । हृदयस्थित ती परब्रह्म परमेश्वरलाई जो धीरपुरुष नित्य-निरन्तर आफ्नो आत्मामा देखिरहन्छ, उनको ध्यान गरिरहन्छ, निरन्तर तिनैमा तन्मय रहन्छ, उनैलाई सदा रहने परमानन्द प्राप्त हुन्छ।

अस्तु आफ्नो हृदय गुफामा स्थित आत्मा तथा निरन्तर परमात्माको ध्यान गर्नु नै निदिध्यासन हो। यस प्रकार साधन चतुष्टयको निरन्तर अभ्यासले उत्पन्न प्रभावबाट साधक आत्मालाई शरीर, मन र बुद्धिभन्दा भिन्न बुझ्न थाल्छ ।

अन्ततः आत्मामा बेरिएको अविद्या, अज्ञानको आवरण च्यातिन्छ। साधकलाई आत्मज्ञान हुन्छ। उसले आफ्नो वास्तविक स्वरूप चिन्न थाल्छ । जीव र ब्रह्मको भेद मेटिन्छ, तब उसले ब्रह्मको साक्षात्कार पाउँछ र भन्न थाल्छ 'अहं ब्रह्मास्मि' अर्थात् मैं ब्रह्म हुँ । उसलाई जीव र ब्रह्म, आत्मा र ब्रह्मको अभिन्नताको बोध हुन्छ। जीव ब्रह्ममा विलीन हुन्छ। यही मोक्ष हो, मुक्ति हो, कैवल्य हो, निर्वाण हो, स्थितप्रज्ञता हो, स्वरूपस्थिति हो, स्वोपलब्धि हो, अपवर्ग हो ।

मोक्ष प्राप्त भएपछि जीवनमुक्त साधक यस संसारलाई स्वप्न-प्रपञ्चका सामान देख्न थाल्छ । ऊ चित्तलाई परब्रह्मा लीन गरेर विकार र क्रिया त्याग गरेर सदा आनन्दस्वरूप ब्रह्ममा मग्न रहन्छ। ऊ निरन्तर आत्मानन्दको रूपमा अनुभव गर्छ । साधन चतुष्टयबाहेक भक्तियोग, महर्षि पतञ्जलिद्वारा योगदर्शनमा वर्णित अष्टाङ्ग योग, क्रियायोग (तप, स्वाध्याय, ईश्वर प्रणिधान), अभ्यास र वैराग्यको साधना एवं युगऋषि गुरु रामचन्द्र आचार्यद्वारा प्रदर्शित उपासना-साधना-आराधना आदि योग-साधनहरूको निरन्तर अभ्यासले मोक्ष, आत्मज्ञान, ब्रह्म-साक्षात्कारको परम उपलब्धि अवश्य नै हुन्छ । अस्तु आफ्नो रुचि-अभिरुचि अनुसार हामी कुनै पनि योग-साधनाको अभ्यास गर्न सक्छौं ।

**अन्ततः आत्मामा बेरिएको अविद्या, अज्ञानको आवरण च्यातिन्छ। साधकलाई आत्मज्ञान हुन्छ। उसले आफ्नो वास्तविक स्वरूप चिन्न थाल्छ। जीव र ब्रह्मको भेद मेटिन्छ, तब उसले ब्रह्मको साक्षात्कार पाउँछ र भन्न थाल्छ 'अहं ब्रह्मास्मि' अर्थात् मैं ब्रह्म हुँ।**

# सरकारी ऋण २४ खर्ब ३४ अर्ब नाघ्यो, गत आवमा ऋण तिर्न तीन खर्ब खर्च

काठमाडौं, ५ साउन/रासस

नेपालले तिर्न बाँकी कुल सार्वजनिक ऋण रु २४ खर्ब ३४ अर्ब तीन करोड नाघेको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार गत आर्थिक वर्ष २०८०/८१ मा मात्र रु एक खर्ब ३४ अर्ब ६८ करोड ४१ लाख सरकारी ऋण थपिएको छ ।

कार्यालयले प्रकाशित गरेको '२०८१ असार मसान्तसम्मको सार्वजनिक ऋणको संक्षिप्त प्रतिवेदन' अनुसार २०८० साउनमा रु २२ खर्ब ९९ अर्ब ३५ करोड बराबर रहेको सरकारी ऋण २०८१ असार समान्तसम्म बढेर रु २४ खर्ब ३४ अर्ब तीन करोड ६५ लाख पुगेको हो। वैदेशिक मुद्राको समायोजनपछिको बाँकी ऋण दायित्व रु १२ खर्ब ३३ अर्ब २३ करोड ९४ लाख बराबर छ। गत आर्थिक वर्षको अन्त्यसम्ममा कुल गार्हस्थ उत्पादन (जिडिपी)को आधारमा सार्वजनिक ऋणको प्रतिशत ४२ दशमलव ६५ प्रतिशत बराबर हो ।

कुल सार्वजनिक ऋणमध्ये आन्तरिक ऋणको दायित्व ११ खर्ब ८० अर्ब ९० करोड १८ लाख अर्थात् जिडिपीको २० दशमलव ७० प्रतिशत र बाह्य ऋणको दायित्व रु १२ खर्ब ५२ अर्ब ३३ करोड ७६ लाख अर्थात् जिडिपीको २१ दशमलव ९५ प्रतिशत पुगेको छ ।

गत आर्थिक वर्ष २०८०/८१ मा सरकारले जम्मा चार खर्ब ५२ अर्ब सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखिएकोमा असार मसान्तसम्ममा रु तीन खर्ब ५८ अर्ब दुई करोड ९५ लाख ऋणप्राप्ति भएको कार्यालयले जनाएको छ । वार्षिक लक्ष्यको तुलनामा कुल सार्वजनिक ऋणप्राप्ति ७९ दशमलव ०८ प्रतिशत छ ।

गत आर्थिक वर्षका लागि ऋण

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# महिला हिंसालाई मजाक बनाएपछि राष्ट्रपतिको आलोचना

रियो दि जेनेरियो, ५ साउन/एएफपी

ब्रजीलका राष्ट्रपति लुइज इनासिओ लुला दा सिल्भाले यस हप्ता महिलाविरुद्ध



हुने हिंसाको विषयमा मजाक गरेपछि विवाद सृजना भएको छ।

ब्रासिलियाका मन्त्री र व्यापारिक नेताहरूसँगको वार्तामा राष्ट्रपति लुलाले महिलाविरुद्ध बढ्दो दुर्व्यवहारको नयाँ तथ्याङ्क एक दुखद समाचार रहेको बताए।

त्यसपश्चात् फूटबल खेलहरूमा प्रायः महिलाविरुद्धको दुर्व्यवहार बढ्दो हुने भन्ने विषयमा भएको एउटा अध्ययनमा प्रतिक्रिया दिंदै ७८ वर्षीय राष्ट्रपतिले आफ्नो मन पर्ने फूटबल टोलीलाई जोड्दै "यदि हिंसा गर्ने व्यक्ति कोरिन्थियन टोलीका प्रशंसक हो भने ठीक छ" भनेर मजाक गरेका थिए।

प्रत्यक्ष प्रसारण गरिएको राष्ट्रपतिको उक्त अभिव्यक्तिले व्यापक आलोचना निम्त्याएको छ।

"लुलाको यो टिप्पणी कुनै पनि सन्दर्भमा हास्यास्पद छैन। राष्ट्रपतिको यस्तो मजाकले महिला हिंसासम्बन्धी ब्रजील त्रासदीलाई सामान्य बनाउँछ। सन् २०१५ देखि कम्तीमा १० हजार छ सय महिला हिंसाको शिकार भएका छन्," एम्नेस्टी इन्टरनेशनलले सामाजिक सञ्जाल एक्समा लेखेको छ।

एम्नेस्टीले खेलको समयमा महिलाविरुद्ध शारीरिक आक्रामकता २१ प्रतिशतले बढेको प्रतिवेदनलाई उद्धृत गर्दै भनेको छ, "यो ठीक होइन।"

पूर्वराष्ट्रपति जायर बोल्सोनारो पनि लुलाको अभिव्यक्तिलाई "मूर्खतापूर्ण" रहेको बताउँछन्।

राष्ट्रपतिको वामपन्थी श्रेणीभित्रबाट पनि भर्त्सना गरिएको थियो, काङ्ग्रेस महिला फर्नान्डा मेल्चियोन्नाले सामाजिक सञ्जाल एक्समा पोस्ट गरिन्, "घरेलु हिंसा कुनै मजाक होइन।" रासस

प्रधानमन्त्री हसिनाको विदेश भ्रमण रद्द

ढाका (बङ्गलादेश), ५ साउन/एएफपी

बङ्गलादेशमा प्रदर्शनकारी विद्यार्थी र प्रहरीबीचको झडपपछि प्रधानमन्त्री शेख हसिनाले विदेश भ्रमण रद्द गरेकी छन्। आन्दोलनले चर्को रूप लिंदै गएपछि मुलुकका विभिन्न शहरमा सैनिकहरू तैनाथ गरिएका छन्।

झडपमा अहिलेसम्म कम्तीमा १०५ जनाले ज्यान गुमाइसकेका छन्। बङ्गलादेशमा जारी आन्दोलन नियन्त्रण गर्न प्रहरी असफल भएपछि प्रधानमन्त्रीको कार्यालयले गत मध्यरातबाट सेना परिचालन र कर्फ्यू आदेश जारी हो।

सरकारले नागरिकहरूको सहायताका लागि कर्फ्यू लगाउने र सेना तैनाथ गर्ने निर्णय गरेको प्रधानमन्त्री हसिनाका प्रेस सचिव नइमुल इस्लाम खानले बताए।

राजधानी ढाकाका सडकहरू आज बिहानैदेखि सुनसान छन्। सेना र बख्तरबन्द गाडीले गस्ती गरिरहेका छन्। यसै क्रममा कर्फ्यूलाई बेवास्ता गर्नेलाई प्रहरीले घर फर्काइरहेको छ।

कर्फ्यू आइतवारसम्म कायम रहने निजी प्रसारण च्यानल-२४ ले रिपोर्ट गरेको छ।

प्रधानमन्त्री हसिनाको आइतवारका लागि तय भएको स्पेन र ब्रजीलको भ्रमण विद्यमान अवस्थाका कारण रद्द गरिएको उनका प्रेस सचिव खानले जानकारी दिएका छन्। रासस

# प्रधानमन्त्री हसिनाको विदेश भ्रमण रद्द

ढाका (बङ्गलादेश), ५ साउन/एएफपी

बङ्गलादेशमा प्रदर्शनकारी विद्यार्थी र



प्रहरीबीचको झडपपछि प्रधानमन्त्री शेख हसिनाले विदेश भ्रमण रद्द गरेकी छन्। आन्दोलनले चर्को रूप लिंदै गएपछि मुलुकका विभिन्न शहरमा सैनिकहरू तैनाथ गरिएका छन्।

झडपमा अहिलेसम्म कम्तीमा १०५ जनाले ज्यान गुमाइसकेका छन्। बङ्गलादेशमा जारी आन्दोलन नियन्त्रण गर्न प्रहरी असफल भएपछि प्रधानमन्त्रीको कार्यालयले गत मध्यरातबाट सेना परिचालन र कर्फ्यू आदेश जारी हो।

सरकारले नागरिकहरूको सहायताका लागि कर्फ्यू लगाउने र सेना तैनाथ गर्ने निर्णय गरेको प्रधानमन्त्री हसिनाका प्रेस सचिव नइमुल इस्लाम खानले बताए।

राजधानी ढाकाका सडकहरू आज बिहानैदेखि सुनसान छन्। सेना र बख्तरबन्द गाडीले गस्ती गरिरहेका छन्। यसै क्रममा कर्फ्यूलाई बेवास्ता गर्नेलाई प्रहरीले घर फर्काइरहेको छ। कर्फ्यू आइतवारसम्म कायम रहने निजी प्रसारण च्यानल-२४ ले रिपोर्ट गरेको छ।

प्रधानमन्त्री हसिनाको आइतवारका लागि तय भएको स्पेन र ब्रजीलको भ्रमण विद्यमान अवस्थाका कारण रद्द गरिएको उनका प्रेस सचिव खानले जानकारी दिएका छन्। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – कर्मप्राप्ति | वृष – राज्यलाभ |
| मिथुन – वादविवाद | कर्कट – व्यापारवृद्धि |
| सिंह – शत्रुपराजय | कन्या – ज्ञानोदय |
| तुला – उदरपीडा | वृश्चिक – विजय |
| धनु – धनलाभ | मकर – भाग्योदय |
| कुम्भ – अलमल | मीन – धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# वातावरणीय नमूनाहरूमा पोलियो भाइरस फेला

संयुक्त राष्ट्रसङ्घ, ५ साउन/सिन्ह्वा

गाजाको वातावरणीय नमूनामा पोलियो भाइरस पत्ता लाग्नु गहिरो चिन्ताको विषय रहेको संयुक्त राष्ट्रसङ्घले जनाएको छ। तर हालसम्म पक्षाघात रोगको कुनै घटना नभेटिनु राहतको कुरा रहेको राष्ट्रसङ्घका मानवतावादीहरूले शुक्रवार बताएका छन्।

यो भाइरसले विशेषगरी खोप नलगाएका र शारीरिकरूपमा कमजोर बच्चाहरूमा पक्षाघात निम्त्याउन सक्ने जनाइएको छ।

"विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले खान युनुस र देइर-अल-बलाह शहरबाट सङ्कलन गरेका छवटा वातावरणीय नमूनामा पोलियोको दोस्रो भेरियन्टको भाइरस फेला परेको जनाएको छ," मानवीय मामिला समन्वयका लागि संयुक्त राष्ट्रसङ्घीय कार्यालय (ओसिएचए)ले भन्यो, "हालसम्म कुनै पक्षाघातका घटनाहरू भने पत्ता लागेका छैनन्।"

ओसिएचएले गाजाको आश्रय स्थानहरूमा बढ्दो भीडभाड, सफा पानीको अभाव, सरसफाइ र स्वच्छताको खराब अवस्थाले निम्त्याएको सङ्क्रामक रोगहरूको फैलावटप्रति चिन्ता व्यक्त गरेको छ।

डबल्युएचओका प्रमुख टेड्रोस एडहानोम गेब्रेयससले आफ्नो एजेन्सी, युनिसेफ, प्यालेस्टाइन शरणार्थीका लागि संयुक्त राष्ट्र राहत र कार्य एजेन्सी (युएनआरडब्लुए) र गाजा स्वास्थ्य मन्त्रालयले पोलियो भाइरस सङ्क्रमणको दायरा बुझ्न यसको जोखिम मूल्याङ्कन गरिरहेको बताए।

उनले गाजाको स्वास्थ्य प्रणालीको विनाश, चिकित्सा आपूर्तिको अभाव, जनसङ्ख्याको निरन्तर विस्थापन, कमजोर सरसफाइ, पानीको खराब गुणस्तर र सुरक्षाको अभावले पोलियोलगायत 'खोप-रोकथाम योग्य' रोगहरूको जोखिम बढाइरहेको चेतावनी दिए।


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड

पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, Website: eprateekdaily.com




**विषालु गोमन सर्पः** दाङको घोराही उपमहानगरपालिका-१७ ओखरामा हेमराज पाण्डेको घरभित्रबाट विषालु गोमन सर्पको घोराही-१५ का उद्धारकर्ता वसन्त सुवेदीले जीवितै उद्धार गर्दै। तस्बिरः कुलदीप न्यौपाने/रासस

# सिमलताल घटनाः बेपत्ता यात्रु खोज्न भारतीय टोली नेपाल आइपुग्यो

काठमाडौं, ५ साउन/रासस

नारागणगढ-मुग्लिन सडकखण्ड अन्तर्गत चितवनको सिमलतालबाट पहिरोसँगै त्रिशूलीमा खसेको दुई बस र यात्रुको खोजीका लागि भारतको खोज तथा उद्धार टोली नेपाल आइपुगेको छ।

भारत सरकारको नेशनल डिजास्टर रेस्पोन्स फोर्स (एनडिआरएफ)को १२ सदस्यीय टोली सिमलताल घटनाको खोज तथा उद्धारका लागि नेपाल आएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले जानकारी दिए। उनका अनुसार गएराति सुनौली नाका हुँदै नेपाल भित्रिएको टोली भैरहवामा बसेर आज बिहानै घटनास्थलतर्फ लागेको छ। टोलीले आजैदेखि काम थालेको प्राधिकरणका कार्यकारी प्रमुख पोखरेलले बताए।

पानीमुनि खोजतलाशमा प्रयोग हुने यन्त्र, उपकरणलगायत सेटसहित उनीहरू आएका हुन्। उनीहरूले तीनवटा अत्याधुनिक सोनार उपकरण पनि ल्याएका बताइएको छ। उनीहरू सशस्त्र प्रहरीको एक टोलीका साथ घटनास्थल पुगेका छन्। कार्यकारी प्रमुख पोखरेलका अनुसार नेपालको स्रोतसाधनले बसको अवस्था पत्ता लगाउन नसकेपछि सरकारले खोजीका लागि अन्तर्राष्ट्रिय उद्धार टोली मगाएको हो। गृह मन्त्रालयले परराष्ट्रमार्फत भारतीय उद्धार टोली मगाएको थियो।

गृह मन्त्रालयको विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखाका प्रमुख डा भीष्मकुमार भुसालका अनुसार गएको असार ३१ गते भारतबाट विज्ञसहितको उद्धार टोली मगाउन परराष्ट्रमार्फत पत्राचार गरिएको थियो। सोही आधारमा भारतीय खोज तथा उद्धार टोली नेपाल आएको हो। यही असार २८ गते शुक्रवार वीरगंजबाट काठमाडौं आउँदै गरेको बाग्मती प्रदेश ०३-००६ ख १५१६ नम्बरको एन्जल डिलक्स र काठमाडौंबाट गौर जाँदै गरेको बाग्मती प्रदेश ०३-२४९५ ख

(बाँकी अन्तिम पातामा)

# छैनन् मैथली भाषाका स्वदेशी चलचित्र

काठमाडौं, ५ साउन/रासस

नेपालमा नेपालीसँगै अन्य भाषामा पनि चलचित्र बन्ने गरेका छन्। ती चलचित्र कम सङ्ख्यामा निर्माण हुनुका साथै निश्चित भेगमा मात्र सीमित छन्। उनीहरू आफ्नो भाषाको बाहुल्यता भएका दर्शक माझ मात्र प्रदर्शन भइरहेका छन्। यद्यपि तराई क्षेत्रमा बोलिने मैथली भाषालाई लक्षित गर्दै चलचित्र निर्माण रोकिएझैं छ।

तराईमा चलचित्र भवनको सङ्ख्या राम्रो भएपनि हिन्दी र भोजपुरी भाषामा तयार भएका चलचित्रको दबदबा छ। तराईमा बोलिने मैथली भाषामा चलचित्र निर्माण नभएपछि ती चलचित्र भवनमा फाट्टफुट्ट नेपाली भाषाका चलचित्र प्रदर्शन हुन्छन्। मैथली भाषामा बन्ने चलचित्र, लघु चलचित्रको सङ्ख्या निकै कम छ।

मिथिला संस्कृति र मैथली भाषालाई प्रवर्द्धन गर्ने उद्देश्यले केही समय अगाडि जनकपुरधाममा पहिलोपटक दुई दिने 'मैथली अन्तर्राष्ट्रिय चलचित्र महोत्सव' आयोजना गरिएको थियो। उक्त महोत्सवमा नेपालसँगै भारतमा रहेर मैथली भाषाका चलचित्र, लघु चलचित्र र वृत्तचित्र निर्माण गरिरहेका व्यक्तिहरू उपस्थित थिए। त्यहाँ प्रदर्शन भएका चलचित्रमा नेपालबाट बनेको कुनै मैथली भाषाको चलचित्र थिएन। स्वदेशी मैथली भाषाको चलचित्र नहुनु दुःखद रहेको निर्देशक तथा कलाकार रमेश रञ्जन झाले बताए।

"छोटा चलचित्र बनेका छन्, तर ठूला चलचित्र नबन्दा यहाँका जनशक्ति बाहिरका उद्योगमा गएर काम गरिरहेका छन्, तर हामी आशावादी छौं, किनकि अब नयाँ पुस्ताले नवीनतम सोच र कथा ल्याउनेछन्, वीरगंजदेखि जनकपुर हुँदै तराईको बजारलाई लक्षित गर्दै कसैले त अवश्य प्रयास गर्नेछन्," झाले भने।

उनी निर्माता तथा निर्देशकलाई प्रोत्साहन गर्न 'मैथली अन्तर्राष्ट्रिय चलचित्र महोत्सव' हरेक वर्ष आयोजना गर्ने तयारीमा छन्। उनका अनुसार अहिले निर्माण हुने ससाना चलचित्र रहरिया (रहर गर्ने)ले तयार गरेका छन्। अभिनेता तथा निर्देशक नीर शाहले चलचित्रकर्मी अन्तरसांस्कृतिक हुन नसकेका कारण त्यसको प्रभाव चलचित्रमा परेको विश्लेषण गरे। उनले विविधतायुक्त देशको संस्कृतिले एकअर्कालाई एकताको सूत्रमा आबद्ध गरेको बताए।

"अहिले विदेशी चलचित्रकर्मीसँग लगानीको अभाव छैन। धेरै ठूला बजेटमा चलचित्र बनेको खबर सुन्ने गरिन्छ, तर त्यसमा विषयवस्तुको अभाव देखिन्छ, त्यस कारण हामीले हाम्रो कथालाई हाम्रो भाषा र शैलीमा चलचित्रमा प्रस्तुत गर्न ढिलो गर्नुहुँदैन, यसमा सम्बन्धित निकायको सहयोग र सहभागिता पनि जरुरी छ, नत्र हाम्रो कथालाई विदेशीले विदेशी भाषामा तयार गर्नेछन् र हामी हेर्न बाध्य हुनेछौं, यो अवस्था नआउला भन्न सकिन्न," अभिनेता शाहले भने।

'सस्ता जिन्दगी महँग सिन्दुर', 'गामक घर', 'ललका पाग' जस्ता मैथली भाषामा बनेका चलचित्र नै अहिले पनि तराईमा स्मरण गरिन्छ। त्यसलाई भारतीय कम्पनीले निर्माण गरेका हुन्। पछिल्लो समय डिजिटल प्लेटफर्ममा केही चलचित्र उपलब्ध छन्। यद्यपि जनकपुरलगायतका तराईमा चलचित्र भवनमैं प्रदर्शन गरिने चलचित्र लगभग छैन।

मैथली चलचित्रमा नयाँ पुस्ताले नवीनतम सोच र कथा ल्याएको निर्देशक पुर्णेन्दु के झाको बुझाइ छ। विदेशमा मैथली भाषामा बनिरहेका चलचित्र हेर्नुका साथै ती चलचित्रकर्मीसँग संवाद गरेर उनी आफैं पनि नयाँ चलचित्रको तयारीमा छन्। उनी 'लेवर' नामक चलचित्र मैथली भाषामा तयार गरेर नेपाली र भोजपुरीमा स्वराङ्कन गराउने तयारीमा छन्। यसले नेपालमैं छरिएको बजारमा एउटै चलचित्रमार्फत पुग्न सकिने उनको बुझाइ छ।

"लगानीकर्ताले सुनिश्चितता चाहेका छन्, यहाँ उत्पादन भएका जनशक्ति बाहिरका चलचित्र उद्योगमा काम गरिरहेका छन्, हामीले गर्ने महोत्सवलगायत गतिविधिले मैथली चलचित्रकर्मीलाई जोड्ने काम गरिरहेका छौं, यसले आगामी दिनमा संयुक्तरूपमा चलचित्र निर्माण गर्न प्रेरणा दिन्छ, आउँदो समय बिस्तारै राम्रो हुन्छ भन्नेमा पूर्ण आशावादी छु," निर्देशक झाले भने।

तराईमा विशेषतः कोशी र मधेस प्रदेशमा मैथिली चलचित्रको राम्रो बजार बन्न सक्ने जानकारहरूको बुझाइ छ। किनकि त्यहाँ 'सस्ता जिन्दगी महँग सिन्दुर' चलचित्रले गरेको व्यापारको चर्चा आज पनि हुन्छ। पछिल्लो समय चलचित्रसँगै गीतसङ्गीत, छोटा चलचित्रस्तरीय नबन्दा दर्शकले चासो देखाएका छैनन्। यसले गर्दा पनि मैथली भाषामा चलचित्र नबनेको धेरै समय भइसकेको छ।

**सरकारी ऋण ...**

परिचालनको लक्ष्यमध्ये आन्तरिक ऋणप्राप्ति ९७ दशमलव ६८ र बाह्य ऋण ५८ दशमलव १० प्रतिशत रहेको छ। आन्तरिकतर्फ रु दुई खर्ब ४० अर्ब ऋण उठाउने लक्ष्य रहेकोमा रु दुई खर्ब ३४ अर्ब ४२ करोड उठाइएको छ भने बाह्यतर्फ रु दुई खर्ब १२ अर्ब ७५ करोड ऋण उठाउने लक्ष्य रहेकोमा रु एक खर्ब २३ अर्ब ६० करोड बराबर उठाइएको हो।

गत आर्थिक वर्षमा ऋण सेवा खर्चका लागि रु तीन खर्ब ३० अर्ब वार्षिक बजेट विनियोजन भएकोमा गत असार मसान्तसम्म रु तीन खर्ब पाँच अर्ब ३७ करोड ७१ लाख बराबर भुक्तानी भएको छ। यो वार्षिक विनियोजनको आधारमा ९२ दशमलव ५४ प्रतिशत बराबर हो।

कुल गार्हस्थ्य उत्पादनको आधारमा कुल ऋण सेवा खर्च पाँच दशमलव ३५ प्रतिशत बराबर हो। गत आर्थिक वर्षमा सरकारले रु दुई खर्ब २३ अर्ब ३४ करोड साँवा भुक्तानी गरेको छ भने रु ८२ अर्ब तीन करोड १७ लाख बराबर ब्याज भुक्तानी गरेको छ।

# निजगढ राइडर्सद्वारा धार्मिक तथा पर्यटन यात्रा सम्पन्न

प्रस, निजगढ, ५ साउन/

निजगढ नगरमा रहेका विभिन्न धार्मिक मठमन्दिर, गुम्बालगायत पर्यटन क्षेत्रको प्रचारप्रसार गर्ने उद्देश्यले निजगढ राइडर्स क्लबको अगुवाइमा शनिवार ३७ किलोमिटर यात्रा सम्पन्न गरिएको छ।




निजगढ नपा–४ कछडियाटोलमा रहेको नगरकै पुरानो पर्वतनाथ महादेव मन्दिरबाट शुरू गरिएको सो यात्रा निजगढ बजारस्थित बुद्धचोकमा अवस्थित मन्दिर, वडा नं ९ नदीकाँटस्थित वाक्यश्वर महादेव मन्दिर, वडा नं ७ स्थित शिवशक्तेश्वर महादेव मन्दिर, वडा नं ६ स्थित रामजानकी मन्दिर, कृष्ण प्रणामी मन्दिर, शिवमन्दिर, गणेश मन्दिर, वडा नं ५ स्थित गुम्बा, वडा नं ४ स्थित विभिन्न मठमन्दिर, बागदेव गोलघरस्थित मनकामना मन्दिर, विष्णु मन्दिरलगायत चार दर्जनभन्दा बढी धार्मिक मठमन्दिर, चैत्य गुम्बालगायत पर्यटकीय क्षेत्रको दर्शन, अवलोकन गरिएको निजगढ राइडर्स क्लबका उपाध्यक्ष नवीन लम्सालले बताए।

निजगढ नपा–४ देखि ९ नं वडाभित्र रहेका मठमन्दिर, गुम्वाहरूमा पुगेको कार्यक्रम संयोजक सियाराम चौधरीले बताए। कार्यक्रममा चन्द्रनिगाहपुर राइडर्स क्लब, सिमरा राइडर्स क्लबका गरी ३५ जना साइकलिस्ट सहभागी रहेको निजगढका वरिष्ठ साइकलिस्ट एवं मधेस प्रदेश साइकल सङ्घका सदस्य मधुसूदन चौधरीले बताए।

निजगढ नपा ४ नं वडा कार्यालयको आर्थिक सहयोगमा भएको यो कार्यले निजगढ नगरभित्र रहेका विभिन्न धार्मिक मठमन्दिर, गुम्बालगायत पर्यटकीय क्षेत्रको प्रचारप्रसारमा थप सहयोग पुग्ने वडाध्यक्ष विशन सापकोटाले बताए।

निजगढ नगरको चौतर्फी विकासका लागि विभिन्न कार्यक्रमहरू गरी निरन्तर सामाजिक गतिविधि सञ्चालन गरी प्रचारप्रसारमा जोड दिनुपर्ने युवा समाजसेवी महेशी कुमरले बताए।

## पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं

- पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं,
- खानेपानीको मुहान तथा स्रोतलाई गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी बार लगाऔं,
- पानीको मूल, पानी प्रशोधन यन्त्र तथा पानी भण्डारण गर्ने टयाङ्की समय–समयमा सफा गरौं,
- पानी टङ्की, धाराका टुटी तथा पानी सङ्कलन गरिएका भाँडा नियमित सफा गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**




## सेनाद्वारा १४ सय किमी सडक निर्माण

काठमाडौं, ५ साउन/रासस

नेपाली सेनाले हालसम्म मुलुकका विभिन्न ठाउँमा एक हजार ४११ किलोमिटर सडकको ट्र्याक खोलेको छ। सो अवधिमा जडान गरिएका ३८ बेलिब्रिज सडक विभागलाई हस्तान्तरण गरिएको छ।

नेपाली सेनालाई विकास निर्माण र विपद् व्यवस्थापन कार्यमा परिचालन गर्न सकिने संवैधानिक व्यवस्था छ। नेपालको संविधान, राष्ट्रिय सुरक्षा नीति र नेपाल सरकारको निर्देशन अनुसार सेनाले विकास निर्माणको कार्य गर्दै आएको सैनिक विकास निर्माण निर्देशनालयका सहनिर्देशक एवं महासेनानी धर्मेन्द्रकुमार झाले बताए। हाल नेपाली सेना तीनवटा राष्ट्रिय गौरवका आयोजना र दुईवटा पहिलो प्राथमिकता प्राप्त आयोजना निर्माण कार्यमा संलग्न छ। त्यसको कुल लम्बाइ २७४ दशमलव ५३७ किलोमिटर छ। त्यसमध्ये रणनीतिक महत्त्वका चारवटा उत्तर–दक्षिण सडक करिडोर निर्माण कार्य सेनाको विकास निर्माण निर्देशनालयको प्रत्यक्ष मातहत अघि बढिरहेका छन्।

हाल निर्माणाधीन आयोजना दार्चुला–टिङ्कर ७९ किमी, बेनिघाट–आरुघाट–लार्केभञ्ज्याङ ९२ किमी, कर्णाली करिडोर (लालीबगर–बगर–दुल्किकुन्ना खण्ड र घाँटीपारीचौर–बद्रीगाउँ–भुक्का खोला खण्ड) २२ किमी र खाँदबारी–किमाथाङ्का (च्याम्ताङ–घोघप्पा खण्ड) १०.५१ किमी हुन्। मुलुकको सर्वाधिक महत्त्वको काठमाडौं–तराई–मधेस द्रुतमार्ग आयोजना (७०.९७७ किमी) पनि नेपाली सेनाको व्यवस्थापनमा धमाधम निर्माण भइरहेको सहनिर्देशक झाले बताए।

सेनाले यसअघि सुर्खेत–जुम्ला ८८ किमी, बेनी–जोमसोम ९१ किमी, छिञ्चु–जाजरकोट ४५ किमी, बेंसीशहर–चामे ६५ किमी, नाग्मा–गमगढी ९४ किमी सडकको ट्र्याक खोलेको थियो। काठमाडौं–तराई–मधेस द्रुतमार्गको शुरू पाइलट ट्र्याक ८० किमी, मैलुङ–स्याफ्रुबेंसी १७ किमी, जाजरकोट–डोल्पा–दुनै ११७ किमी, कालीगण्डकी करिडोर (गुल्मी–बागलुङ खण्ड ७५ किमी) र कडाली करिडोर (खुलालु–लैफू–सलिसल्ला खण्ड १२२ किमी) पनि नेपाली सेनाद्वारा निर्माण गरिएका सडक आयोजना हुन्।

### गाँजासहित ...

नियन्त्रणमा लिएर उनीहरूले बोकेका सामान चेकजाँच गर्दा ७८ किलो गाँजा बरामद भएको थियो। भारतीय नागरिकद्वय प्रमोद महतो र विकेश महतोले पाँचवटा कार्टुनमा सो परिमाणमा गाँजा लैजाने प्रयत्न गर्दा महुआवा थाना र एसएसबीको टोलीले पक्राउ गरेका थिए।

यसैगरी, जिल्ला प्रहरी कार्यालय, बाराले २६ किलो गाँजासहित दुईजनालाई पक्राउ गरेको छ। बारा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले हेटौंडाबाट वीरगंजतर्फ आउँदै गरेको बा.४च ५२७ नम्बरको कारलाई पथलैया प्रहरी चौकीले चेकजाँच गर्दा कारको



सिटमुनिबाट सो परिमाणमा गाँजा बरामद भएको बताए। उनले कार चालक भारतीय नागरिक दीपकचन्द्र देव र कारमा सवार मकवानपुर राक्सिराङ गाउँपालिका–२ बस्ने अञ्जन शाहलाई प्रहरीले नियन्त्रणमा लिएको बताए। नियन्त्रणमा लिएका दुवैजनालाई इलाका प्रहरी कार्यालय, सिमराबाट लागूऔषध मुद्दा दर्ता गरी जिल्ला अदालत बारा, कलैयाबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान भइरहेको प्रवक्ता न्यौपानेले बताए।

# खेलकूदको संसार

## मार्शल आर्टका विद्यार्थीहरूलाई बेल्ट वितरण

प्रस, वीरगंज, ५ साउन/

शिम किक्युशिन फुल कन्टेक्ट मार्शल आर्ट अन्तर्गत माउन्ड एभरेस्ट क्लब, वीरगंजले शनिवार २९ जना विद्यार्थीलाई अपग्रेड गर्दै बेल्ट वितरण गरेको छ।

सशस्त्र प्रहरी उपरीक्षक राधेश्याम धिमालले आज घडीअर्वा पोखरीमा आयोजित कार्यक्रममा सहभागी क्लबका १८ जनालाई अरेन्ज, पाँच/पाँच जनालाई ग्रीन र अरेन्ज तथा एकजनालाई ब्लू बेल्ट प्रदान गरेका थिए। क्लबका अध्यक्ष रवि



कलवारले ५० जना विद्यार्थीमध्ये २९ जनाको आज अपग्रेड गरिएको बताए। कार्यक्रमको सहजीकरण क्लबका उपाध्यक्ष सरोज यादवले गरेका थिए।

## कराँते महासङ्घको मधेस प्रदेश कमिटी गठन

प्रस, वीरगंज, ५ साउन/

किक्युशिनो फुल कन्टेक्ट कराँते महासङ्घको मधेस प्रदेश कमिटी गठन भएको छ।

शनिवार रौतहट जिल्लाको बाग्मतीस्थित नूनथरमा कराँते महासङ्घका केन्द्रीय सदस्य सुवास काफ्लेको अध्यक्षतामा




भएको भेलाले राजकुमार महतोको अध्यक्षतामा तदर्थ समिति गठन गरेको छ।

महतोको अध्यक्षतामा असगर खान, सञ्जीव चौधरी, धनञ्जय मिश्र, राजेश महतो, भिखारी साह कानू, शशि देवकोटा, अशेश्वर पटेल, नरेश कुर्मी, लक्ष्मी आलेमगर, रामेश्वर पटेल, जुगली दास, अफजल देवान, कणबहादुर राईलगायत २१ सदस्यीय कमिटी गठन भएको हो।

# संविधान संशोधनको बहसपछि हिन्दूवादीहरू सक्रिय

प्रस, वीरगंज, ५ साउन/

राष्ट्रिय एकता अभियान काठमाडौंले शनिवार सङ्घीय हिन्दू गणतन्त्र विषयक छलफल कार्यक्रम सम्पन्न गरेको छ।

कार्यक्रममा अभियानका अध्यक्ष विनय यादवले देशका प्रमुख दलहरू मिलेर सरकार बनाउँदै संविधान संशोधनको कुरा उठाइरहेका अवस्थामा संविधान नेताहरूको कुर्सी स्वार्थका लागि नभई संविधान निर्माणको बेला जनताले दिएको सुझाव अनुसार संशोधन हुनुपर्ने बताए। यादवले सत्तास्वार्थका लागि दुई विरोधी दल एक ठाउँमा आएको भन्दै संविधान संशोधनमा समावेशिताको सिद्धान्तलाई अझ बलियो नगरे देशमा एकल जातीय व्यवस्था हाबी हुने र त्यसबाट हिन्दुत्वलाई नोक्सानी हुने बताए। उनले राष्ट्रिय एकता



उनले विशेषगरी संविधान निर्माणको क्रममा जनताले सङ्घीय हिन्दू गणतन्त्रको लागि दिएको सर्वाधिक सुझावलाई संविधानमा समावेश गर्नुपर्ने बताए।

उनले दलहरूले संविधान संशोधन गर्ने हो भने राष्ट्रिय एकता अभियानले देशभर जनजागरण अभियान चलाएर सङ्घीय हिन्दू गणतन्त्र कायमको लागि दबाब सृजना गर्ने बताए।

अभियानका वरिष्ठ नेता बिपी अभियानले उठाएका मुद्दाहरू सशक्त हुँदै गएको र आन्दोलनलाई निष्कर्षसम्म पुऱ्याउन सशक्त बनाउनुपर्ने बताए।

युवा विभागका संयोजक दिवस पटेलले सञ्चालन गरेको कार्यक्रममा केन्द्रीय सदस्य चन्द्र यदुवंशी, विद्यार्थी परिषद्का महासचिव पप्पु यादव, काठमाडौं सम्पर्क समितिका संयोजक विनोद सिंहलगायतले मन्तव्य राखेका थिए।

### सिमलताल ...

००१ नम्बरको गणपति डिलक्स बस चितवनको सिमलतालमा खसेको लेदोसहितको पहिरोसँगै बगेर त्रिशूली नदीमा यात्रु बेपत्ता भएका थिए।

उक्त बसमा सवार ६५ जनामध्ये तीनजना सकुशल निस्किएका थिए भने ६२ जना बेपत्ता भएका थिए। आजसम्म २३ जनाको शव विभिन्न क्षेत्रमा फेला पारिएको छ। अझै ३९ यात्रु र दुईवटै बसको अवस्था पत्ता लाग्न सकेको छैन। उक्त घटनाको अध्ययन गर्न गृह मन्त्रालयले गठन गरेको कार्यदलले अहिले काम गरिरहेको छ।